# प्रधानमन्त्री रोजगार कार्यक्रमको
# वार्षिक प्रगति प्रतिवेदन, २०८०

## परोहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

**प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन, २०८०**

**सर्वाधिकार © परोहा नगरपालिका**

यस प्रतिवेदनको कुनै पनि अंश परोहा नगरपालिकाको लिखित स्वीकृति बिना पुनरूत्पादन, पुनःप्रकाशन, अनुलिपि यन्त्र वा त्यस्तै अन्य यन्त्रहरूमा संचयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्ता कुनै माध्यमहरूमा प्रयोग गर्न पाइने छैन।

**परोहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल
वेभसाईटः www.parohamun.gov.np
इमेलः info@parohamun.gov.np
फोनः ९८५५०४४०२३

**रोजगार सेवा केन्द्र**
इमेलः pmep.esc.parohamun@gmail.com
फोनः ९८५११८८२१०, ९८५५०४७२२१

# प्रतिवेदन सारांश

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको अवस्थामा सो मौलिक हकको कार्यान्वयन गर्न रोजगारी हक सम्वन्धि ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भएको छ । उक्त ऐनले प्रत्येक स्थानीय तह मातहत रहने गरि रोजगार सेवा केन्द्रको स्थापना भई बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने कार्य हुदै आएको छ। रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरेको छ। यस नगरपालिकामा २०७५ साल फाल्गुन २६ गते देखि औपचारिक रुपमा रोजगार सेवा केन्द्रको स्थापना भई सञ्चालनमा रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार आ.व. २०७९/८० का लागि निवेदन दिएकाहरुलाई न्यूनतम रोजगारीमा समावेश गरिएको थियो।

यस नगरपालिकामा कुल ३२६ जना बेरोजगार ब्यक्तिहरु सूचीकृत रहेको थियो। सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गर्न युवा रोजगरीको लागि रुपान्तरण पहल परियोजना सञ्चालन गर्न रु. २४ लाख ०७ हजार रुपैया र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न रु. १० लाख ७९ हजार बजेट विनियोजन गरिएको थियो। बेरोजगार ब्यक्तिहरुलाई रोजगारीमा सामिल गराउन युवारुप (विश्व बैंक) अन्तर्गत ९ वटा र प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) अन्तर्गत ३ वटा गरी कुल १२ वटा रोजगार आयोजनाहरु सञ्चालन गरिएको थियो । यस नगरपालिकाको सबै वडाहरुलाई समेटने गरी नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना, वडा नं. १, २, ४, ५, ७, ८ र ९ मा वडास्तरीय नाला सरसफाई आयोजना, वडा नं. ४, ७ र ८ मा सडक मर्मत आयोजना सञ्चालन गरि कुल २२ लाख ७२ हजार ८ सय ३ रुपैया खर्च भएको थियो भने ५६ जना बेरोजगार व्यक्तिले अधिकतम ७० दिनसम्मको रोजगारी प्राप्त गरी कुल ३९३९ दिनको रोजगारी प्राप्त गरेका थिए। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत मुस्लिम, दलित तथा महिलाहरु बढी लाभान्वित भएका थिए।

संदीप कुमार साह

मितिः २०८०/०४/११ — रोजगार संयोजक

# विषयसूची


१. पृष्ठभूमि ........ 6

२. कार्यक्रमको दीर्घकालिन सोंच ........ 7

३. कार्यक्रमको लक्ष्य ........ 7

४. कार्यक्रमको उद्देश्य ........ 7

५. स्थानीय निर्देशक समितिको बैठक ........ 8

६. रोजगार सेवा केन्द्रबाट सञ्चालित क्रियाक्लापहरु ........ 8

६.१ श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम ........ 8

६.१.१ नगरस्तरीय अभिमुखीकरण कार्यक्रम ........ 8

६.१.२ वडास्तरीय अभिमुखीकरण कार्यक्रम ........ 9

६.१.३ छलफल गरिएको विषयवस्तु ........ 9

६.१.४ कार्यक्रमको उपलब्धि ........ 9

६.२ रोजगार सम्वाद मञ्च ........ 9

६.३ रोजगार रणनीति तर्जुमा ........ 10

६.४ पुनःश्रम स्वीकृति ........ 11

६.५ बेरोजगार व्यक्तिको लगत संकलन ........ 11

६.५.१ लिंगका आधारमा वडागत वेरोजगार व्यक्तिहरुको विवरण ........ 12

६.५.२ जातजातिका आधारमा वेरोजगार ब्यक्तिहरुको विवरण ........ 12

६.५.३ उमेर समूहका आधारमा वेरोजगार ब्यक्तिहरुको विवरण ........ 13

६.५.४ साक्षरताका आधारमा वेरोजगार ब्यक्तिहरुको विवरण ........ 14

६.६ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन ........ 14

६.६.१ नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना ........ 15

६.६.२ सडक मर्मत तथा सुधार आयोजना ........ 15

६.६.३ वडास्तरीय नाला सरसफाई आयोजना ........ 17

६.७ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना ........ 19

६.७.१ वडास्तरीय नाला सरसफाई आयोजना ........ 19

६.७.२ सडक मर्मत आयोजना ........ 20

७. आयोजनाको अनुगमन तथा मूल्याङ्कन ........ 21
८. कार्यक्रमका मुख्य उपलब्धीहरु ........ 22
९. कार्यक्रमका अवसरहरु ........ 23
१०. कार्यक्रमका चुनौतीहरु ........ 24
११. सल्लाह र सुझावहरु ........ 24
१२. वित्तीय प्रगति ........ 25
१३. सामाजिक र आर्थिक प्रभाव ........ 25
१४. निश्कर्ष ........ 26
अनुसूची १ ........ 27
अनुसूची-२ ........ 36
अनुसूची-३ ........ 37
अनुसूची-४ ........ 38

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३३ मा मौलिक हकको रुपमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक हुनेछ भने भएको व्यवस्थालाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नेपाली नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो । सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट मार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसरहरु सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिक वाध्यताले वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो । सो अनुसार वि.सं. २०७५ फाल्गुन १ गते सम्मानीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो ।

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक, रोजगारी छनौट गर्न पाउने हक, धारा ३४ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यास गर्न पाउने हक तथा धारा ४३ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ । त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत धारा ५१ (राज्यका नीतिहरु) को (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार ब्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरुको सूचना संकलन, पहिचान र सूचीकरण, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार परोहा नगरपालिकामा विधिवत रुपमा मिति २०७५ फाल्गुन २६ गते रोजगार सेवा केन्द्रको स्थापना भएको हो । प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन हरेक वर्षको फाल्गुन महिनामा सूचीकृत हुन निवेदन दिनु पर्ने प्रावधान छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार ब्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरिने व्यवस्था गरेको छ । यसरी सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, सरसफाई, नदी नियन्त्रण, वन, पर्यटन, यातायात, पूर्वाधार लगायतका अन्य सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमले यी कामहरुको अलावा बेरोजगार ब्यक्तिहरुको लागि रोजगार सेवा तथा सहायता, बेरोजगार ब्यक्तिहरुको क्षमता अभिवृद्धि तथा स्वरोजगारी, रोजगारी सृजनामा नीजि क्षेत्रहरुसँग सहकार्य र समन्वय समेत गरिनेछ ।

रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्र मार्फत हुने भई सबै स्थानीय तहमा श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ। यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्ति बीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ। श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएको श्रमिकको माग र आपूर्तिका बीचमा अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रमहरु समेत संचालन गरिनेछन। बेरोजगार व्यक्तिहरुले आफूसंग भएको सोच, सीप र अनुभवका आधारमा स्वारोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न उद्यशीलता तालिम प्रदान गर्ने र उद्यमको अवधारणाको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपालब्ध गराउने व्यवस्था समेत यस कार्यक्रम मार्फत गरिनेछ।

नेपालको संघीय संरचना तीन तहको रहेको छ। तीनै तहका सरकारहरूलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ। तीनै तहका सरकार अन्तर्गतका निकायहरूबाट सार्वजनिक विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू संचालन हुने गरेका छन्। यसरी विभिन्न तहका सरकार र निकायहरूबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू बीच समन्वय र सहकार्यको कमीले गर्दा रोजगारी सिर्जना प्राथमिकतामा नपरेको देखिन्छ।

## २. कार्यक्रमको दीर्घकालिन सोंच

ज्ञान, सीप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तिको विकास र उत्पादनशील आन्तरिक रोजगारी सिर्जना मार्फत श्रमशक्तिको स्वदेशमै पूर्ण उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न **सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु** यस कार्यक्रमको दीर्घकालीन सोच रहेको छ।

## ३. कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना गरि आगामी ५ वर्ष भित्र वैदेशिक रोजगारीमा जाने वाध्यात्मक अवस्थाको अन्य गर्नका लागि **"आन्तरिक रोजगारिका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन"** लक्ष्य निर्धारण गरेको छ।

## ४. कार्यक्रमको उद्देश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले माथि उल्लेखित सोंच र लक्ष्य हासिल गर्न देहाय अनुसारका उद्देश्यहरु रहेका छन्ः

- बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने,
- दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने,

- सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने,
- आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने,
- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने,
- आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने।

## ५. स्थानीय निर्देशक समितिको बैठक

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने विभिन्न क्रियाकलाप एवं कार्यक्रमहरुको व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न तथा आवश्यक विषयमा नीतिगत सल्लाह, सुझाव, परामर्श एवं निर्देशनको लागि आ.व. २०७९/८० मा तपसिलका मितिमा निर्देशक समितिको बैठक बसी आवश्यक निर्णय गरिएको थियो।

तपसिल

- मिति २०७९ असोज ४ गते
- मिति २०७९ माघ २२ गते
- मिति २०७९ चैत्र ५ गते
- मिति २०७९ चैत्र २२ गते
- मिति २०८० बैशाख ६ गते
- मिति २०८० बैशाख १९ गते

## ६. रोजगार सेवा केन्द्रबाट सञ्चालित क्रियाक्लापहरु

आ.व. २०७९/८० को श्रावन देखि अषाढ मसान्तसम्मको अवधिमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रबाट सञ्चालित मुख्य कार्यक्रम एवं क्रियाक्लापहरु तल प्रस्तुत गरिएको छ।

### ६.१ श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम

नेपालमा जातजातीका आधारमा काम वा पेशाको बाँडफाँट गरिएकोले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरूमा सामाजिक प्रतिष्ठाका कारण युवा श्रमशक्तिहरूलाई आकर्षण गर्न सकिरहेको हुँदैन। सामाजिक प्रतिष्ठा कै कारण युवा श्रमशक्तिहरू विभिन्न कष्टहरू सहेर पनि वैदेशिक रोजगारीमा जाने बाध्यता रहेको छ। यसलाई निरुत्साहित गर्न श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८ जारी भई कार्यान्वयनमा रहेको छ। श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत यस नगरपालिकामा तपसिलका कार्यक्रमहरु सञ्चालन गरिएको थियो।

#### ६.१.१ नगरस्तरीय अभिमुखीकरण कार्यक्रम

नवनिर्वाचित जनप्रतिनिधि, शाखा प्रमुख एवं सरोकारवालाहरुलाई लक्षित गरि मिति २०७९ माघ २४ गतेका दिन एक दिने नगरस्तरीय अभिमुखीकरण कार्यक्रम यस नगरपालिकाको सभा हलमा सञ्चालन गरिएको थियो।

### ६.१.२ वडास्तरीय अभिमुखीकरण कार्यक्रम

वडा समिति तथा वडा अन्तर्गतका १८-५९ वर्ष उमेर समूहका बेरोजगार ब्यक्तिहरुलाई लक्षित गरी वडास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । वडास्तरीय अभिमुखीकरण कार्यक्रम अन्तर्गत वडा नं. ६ मा मिति २०७९ फागुन ६ गतेका दिन सोही वडाको स्वास्थ्य चौकीको सभा हलमा, वडा नं. ९ मा मिति २०७९ फागुन १० गतेका दिन वडा कार्यालयको हलमा र वडा नं. ३ मा मिति २०७९ फागुन १८ गतेका दिन वडा कार्यालयको हलमा सञ्चालन गरिएको थियो ।

### ६.१.३ छलफल गरिएको विषयवस्तु

श्रमको सम्मान, राष्ट्रको अभियान अन्तर्गत सञ्चालन भएको नगर/वडास्तरीय अभिमुखीकरण कार्यक्रममा निम्न विषयवस्तुहरु छलफल गरिएको थियो ।

- नेपालको संविधानमा श्रम तथा रोजगार सम्बन्धी मौलिक हक तथा राष्ट्रिय नीति
- रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावलीको संक्षिप्त जानकारी
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको संक्षिप्त जानकारी
- श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८

### ६.१.४ कार्यक्रमको उपलब्धि

श्रमको सम्मान, राष्ट्रको अभियान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रमबाट निम्नानुसारका अपेक्षित उपलब्धीहरु हासिल हुनेछन;

- प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी जानकारी भएको,
- रोजगार सेवा केन्द्रको काम कर्तव्य सम्बन्धी जानकारी भएको,
- नेपालको संविधान, रोजगारीको हक सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकामा रोजगारी सम्बन्धी भएको व्यवस्थाहरुको बारेमा जानकारी प्राप्त भएको,
- प्रधानमन्त्री रोजगार कार्यक्रममा वडा कार्यालयको भूमिका बारे स्पष्ट भएको ।
- श्रमको सम्मान, राष्ट्रको अभियानको प्रचारप्रसार भएको ।

## ६.२ रोजगार सम्वाद मञ्च

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४८ र एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा २१ मा रोजगार सम्वाद मञ्चको व्यवस्था गरिएको छ । रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम २४ बमोजिम परोहा नगरपालिकाले रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ तर्जुमा गरि मिति २०७९ चैत्र २२ गतेको स्थानीय निर्देशक समितिको बैठकबाट स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने निर्णय भएको थियो । सोही बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत भई जारी गरिएको छ । रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान,

समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न, रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवम् सञ्चार जगत समेतको सहभागिता रहने गरी रोजगार सम्वाद मञ्चको गठन भई मिति २०८० बैशाख १७ गतेका दिन पहिलो बैठक बसी विभिन्न विषयवस्तुहरु माथि छलफल गरिएको थियो ।

### ६.३ रोजगार रणनीति तर्जुमा

देशमा बढदै गरेको बेरोजगारीको समस्यालाई समाधान गर्न तथा अन्तरिक रोजगारीका पर्याप्त अवसरहरुको कमीका कारण रोजगारीका लागि वैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्थालाई निरुत्साहित गर्न स्थानीय तहभित्रै आन्तरिक रोजगारीका पर्याप्त अवसरहरु सिर्जना गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरि आवश्यक्ता अनुसार सीपयुक्त, दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गरि श्रम बजारमा आपूर्ति गर्ने अभिप्रायले मिति २०८० बैशाख ३ गतेका दिन रोजगार रणनीतिक योजना तर्जुमा सम्बन्धी सुझाव संकलन कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । सुझाव संकलन कार्यशाला गोष्ठीबाट प्राप्त राय सुझाव र नेपालको संविधान, रोजगारीको हक सम्बन्धी ऐन, कानून, रणनीति आदिमा भएको प्रावधानहरुलाई समेत मध्यनजर गरी रोजगार रणनीतिक योजना मस्यौदा तयार गरिएको थियो । उक्त मस्यौदा उपर छलफल गर्न मिति २०८० बैशाख १७ गतेका दोश्रो कार्याशाला गोष्ठीको आयोजना गरिएको थियो । प्रस्तुत मस्यौदा उपरको छलफल पश्चात केहि थपघट गरि रणनीतिक योजनालाई अन्तिम रुप दिईएको थियो । स्थानीय निर्देशक समितिबाट मिति २०८० बैशाख १९ गतेको बैठकबाट रोजगार रणनीतिक योजनालाई स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने निर्णय भएको थियो । नगर कार्यपालिकाको मिति २०८० बैशाख २० गतेको कार्यापालिकाबाट स्वीकृत गर्ने निर्णय भएको थियो । मिति २०८० जेठ १६ गतेका दिन एउटा कार्यक्रमका बीच स्वीकृत भएको यस नगरपालिकाको रोजगार रणनीतिक योजना, २०८० लाई सार्वजनिकीकरण गरिएको थियो ।

परोहा नगरपालिकाभित्रका सबै नागरिकलाई सुरक्षित र मर्यादित रोजगारीका अवसर उपलब्ध गराउन, श्रमिकहरुको आधारभूत अधिकार सुनिश्चित गर्दै रोजगारीसंग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्न, आन्तरिक तथा वैदेशिक रोजगारीका अवसरहरूको जानकारी उपलब्ध



6/3/23, 4:30 PM परोहा नगरपालिकाद्वारा रोजगार रणनीतिक योजना '२०८०' जारी « प्रशासन

काठमाडौं । रौतहटको परोहा नगरपालिकाले रोजगार रणनीतिक योजना जारी गरेको छ ।

नेपाल सरकारले ७५३ वटै स्थानीय तहलाई निर्देशन गरे बमोजिम नगरपालिकाले बढ्दो बेरोजगारीको समस्यालाई साधानका लागी आन्तरिक रोजगारी सिर्जना गरी वाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने उद्देश्यले रोजगार रणनीतिक योजना '२०८०' जारी गरेको हो ।

गराउन, आन्तरिक रोजगारी सिर्जनाका लागि रोजगार प्रर्वद्धन गर्ने, श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्ने, रोजगारीका सम्भावना तथा अवसरहरूको पहिचान गर्ने, स्वरोजगारका अवसर सम्बन्धी जानकारी उपलब्ध गराउन, स्थानीय तहमा रहेका रोजगारदाताको प्रोफाइल निर्माण गर्ने, रोजगार विनिमय सेवा, उद्यमशिलता विकास, सुरक्षित आप्रवासन, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषणमुक्त बनाउन तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनःएकीकरण लगायतका विषयमा एकीकृत रुपमा सेवा प्रवाह गर्ने उद्देश्य राखेर परोहा नगरपालिकाले रोजगार रणनीतिक योजना, २०८० जारी गरेको छ।

## ६.४ पुनःश्रम स्वीकृति

वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउन मिति २०७९/१२/१६ गतेको नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री) स्तरीय निर्णय अनुसार मिति २०८० बैशाख १ गते देखि वैदेशिक रोजगारीमा जानेहरु व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि स्थानीय तहको रोजगार सेवा केन्द्रबाट नै आवेदन गर्ने कार्य हुने भए बमोजिम यस नगरपालिका अन्तर्गत रहेका रोजगार सेवा केन्द्र मार्फत मिति २०८० बैशाख ३ गते देखि आवेदन गर्न सकिने व्यवस्था गरिएको थियो। यस नगरपालिकाबाट पहिलो श्रम स्वीकृति लिने कार्यको शुरुवात मिति २०८० असाढ २९ गतेको भएको थियो। आ.व. २०७९/८० मा यस नगरपालिका मार्फत पुनः श्रम स्वीकृति लिने व्यक्तिहरुको विवरण यस प्रकार रहेको छ।

| क्र.सं. | श्रम स्वीकृति लिने व्यक्तिको नाम | ठेगाना | गन्तव्य मुलुकको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | शेख अब्दुल हुसैन | परोहा न.पा.-३, तेजापाकड | कतार | |

## ६.५ बेरोजगार व्यक्तिको लगत संकलन

रोजगारीको हक सम्बन्धी ऐन, नियमावलीमा भएको व्यवस्था अनुसार आ.व. २०७८/७९ को फागुन महिना भरि यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु मार्फत बेरोजगार ब्यक्तिहरुको निवेदन संकलनको काम गरिएको थियो। बेरोजगार ब्यक्तिहरुको तथ्यांक संकलनका लागि वडा सचिवहरुलाई अनुशिक्षण र जनप्रतिनिधिलाई अभिमुखीकरण पश्चात नगरपालिकाका सवै वडा कार्यलयहरुमा निवेदन दर्ता गर्न सूचना प्रकाशन गरिएको थियो। सर्व साधारणको जानकारीको लागि उक्त सूचनालाई स्थानीय एफ. एम. रेडियो, नगरपालिकाको फेसवुक पेज, वेभसाइट तथा वडाहरुमा माईकिङ्ग गर्नुको साथै यस नगरपालिका एवं अन्तर्गतका कार्यालयहरुको सूचना पाटीमा समेत सूचना टाँसिएको थियो। तत् पश्चात हरेक वडा कार्यालयहरुमा निशुल्क रुपमा निवेदन फारम पाउने व्यवस्था गरिएको थियो। नगरपालिका भरिमा कुल ३२६ जना वेरोजगार व्यक्तिहरुले रित पूर्वक निवेदन दर्ता गराएको थियो। निवेदन दिनेहरुमा पुरुष कै सहभागिता अधिक रहेको थियो। उमेर समूहमा २६ देखि ४० वर्ष उमेर समूहका ब्यक्तहरुको निवेदन अत्यधिक रहेका थिए। शैक्षिक योग्यता भएका वेरोजगार व्यक्तिहरुको निवेदन थोरै रहेको थियो भने निरक्षर व्यक्तिहरुको निवेदन बढी दर्ता भएको थियो। प्राप्त निवेदनहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

### ६.५.१ लिंगका आधारमा वडागत वेरोजगार व्यक्तिहरुको विवरण

परोहा नगरपालिकामा दर्ता भएका कुल ३२६ वटा निवेदन मध्ये लिंगका आधारमा हेर्दा पुरुष १९२ जना अर्थात ५८.८९ प्रतिशत रहेका थिए भने महिला १३४ जना अर्थात ४१.११ प्रतिशत निवेदन रहेका थिए । तुलानात्मक रुपमा यस कार्यक्रम प्रति पुरुषको आकर्षण अत्यधिक रहेको देखाउँछ भने महिलाहरु घरेलु तथा कृषि क्षेत्रको काम गर्ने गरेको अवस्था रहेको भएतापनि गत विगत वर्षहरुको तुलनामा महिलाहरुमा पनि सार्वजनिक पूर्वाधार विकासको क्षेत्रमा काम गर्ने प्रवृति दिनप्रति दिन विकास हुदै गएको देखिन्छ। वेरोजगार ब्यक्तिहरुको लिंगीय विवरण तल प्रस्तुत गरिएको छ।

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १७ | २ | १९ |
| २ | २४ | ६ | ३० |
| ३ | ६४ | १४ | ७८ |
| ४ | ५ | ३२ | ३७ |
| ५ | २० | ४ | २४ |
| ६ | ९ | ५ | १४ |
| ७ | १६ | २१ | ३७ |
| ८ | २६ | २५ | ५१ |
| ९ | ११ | २५ | ३६ |
| जम्मा | १९२ | १३४ | ३२६ |




### ६.५.२ जातजातिका आधारमा वेरोजगार ब्यक्तिहरुको विवरण

परोहा नगरपालिकामा प्राप्त भएका वेरोजगार ब्यक्तिहरुको निवेदन मध्ये सवैभन्दा वढी मधेशी समूह (यादब, तेली, महतो, बैठा, पटेल, सहनी आदि) का रहेका छन। तुलानात्मक रुपमा यो नगरपालिकाको वसोवासको हिसावले हेर्दा यहा मुस्लिम जातिको सघनता रहेको छ । यस नगरपालिकामा बेरोजगार ब्यक्तिहरुको कुल ३२६ निवेदन मध्ये दलितको निवेदन संख्या ९८ अर्थात ३० प्रतिशत, मुस्लिम जातिको निवेदन संख्या ८७ अर्थात २७ प्रतिशत, मधेशीको निवेदन संख्या १४१ अर्थात ४३ प्रतिशत र अन्य जातजातिको निवेदन संख्या ० रहेको छ। जसको विस्तृत

विवरण तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | जातजाति | संख्या |
|---|---|---|
| १ | दलित | ९८ |
| २ | मुस्लिम | ८७ |
| ३ | मधेशी | १४१ |
| ४ | अन्य | ० |
| **जम्मा** | | **३२६** |




### ६.५.३ उमेर समूहका आधारमा वेरोजगार ब्यक्तिहरुको विवरण

नेपालमा पहिलो पटक बेरोजगार ब्यक्तिहरुको पहिचान गरि बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कम्तीमा १०० दिनको न्यूनतम् रोजगारी प्रदान गर्ने कार्यक्रम हो । यस कार्यक्रमको माध्यमबाट आन्तरिक रोजगारी सृजना गर्नु साथै बेरोजगार ब्यक्तिहरुलाई रोजगार सेवा तथा सहायता, सीप तथा क्षमता विकास कार्यक्रम सञ्चालन समेत सञ्चालन गर्ने लक्ष्य रहेको छ । यस नगरपालिकामा प्राप्त बेरोजगार ब्यक्तिहरुको कुल ३२६ निवेदन मध्ये ३९ जना अर्थात ११.९६ प्रतिशत ब्यक्ति १८-२५ वर्ष उमेर समूहका, १५५ जना अर्थात ४७.५४ प्रतिशत ब्यक्ति २६-४० वर्ष उमेर समूहका, १३२ जना अर्थात ४०.४९ प्रतिशत ब्यक्ति ४१-५९ वर्ष उमेर समूहका रहेका थिए । सबैभन्दा बढी वेरोजगार ब्यक्तिहरुको संख्या २६-४० वर्ष समूहको र सबैभन्दा कम १८-२५ वर्ष उमेर समूहको रहेको थियो ।



### ६.५.४ साक्षरताका आधारमा वेरोजगार व्यक्तिहरुको विवरण

परोहा नगरपालिकामा रित पुर्वक दर्ता भएका बेरोजगार व्यक्तिहरुको कुल निवेदन मध्ये सवैभन्दा वढी २९५ जना अर्थात ९०.४९ प्रतिशत निरक्षर व्यक्तिहरुको संख्या रहेको थियो भने साक्षर व्यक्तिहरुको संख्या १९ जना अर्थात ५.८२ प्रतिशत रहेको थियो। त्यस्तै आधारभूत तह उत्तीर्ण गरेका ५ जना अर्थात १.५३ प्रतिशत, उच्च माध्यमिक तह उत्तीर्ण गरेका ६ जना अर्थात १.८४ प्रतिशत र स्नातक तह उत्तीर्ण गरेका १ जना रहेका थिए। तुलानात्मक रुपमा साक्षर भन्दा पनि निरक्षर व्यक्तिहरु जससंग सीप, दक्षता र अनुभव हुदैन, जो श्रम बजारमा सजिलै बिक्न सक्दैन, तिनीहरुको रुझान यस कार्यक्रम प्रति अत्यधिक रहेको देखिन्छ।




### ६.६ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन गर्न कुल बजेट रकम रु. २४०७०००.०० (रु. चौबिस लाख सात हजार मात्र) विनियोजन गरिएको थियो। यस अन्तर्गत सञ्चालन हुने आयोजनाहरु "युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा २३ बमोजिमको आयोजनाहरु सञ्चालन गरिएको थियो। युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनामा सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई नै श्रमिकको रुपमा परिचालन गरिएको थियो। पहल परियोजना अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको बजेट रकमको शत प्रतिशत रकम ज्यालामा खर्च गर्ने गरिएको थियो। यस अन्तर्गत सार्वजनिक पूर्वाधार मर्मत, सम्भार तथा सुधार सम्बन्धी आयोजनाहरु गरिने भएकोले सोही बमोजिमका ९ वटा रोजगारमूलक आयोजनाहरु सञ्चालन गरिएको थियो। यस परोहा नगरपालिकाको वडा नं. ४, ५, ७, ८ र ९ मा वडास्तरीय नाला सरसफाई आयोजना, वडा नं. ७, ८ र ९ सडक मर्मत आयोजना र वडा नं. १ देखि ९ सम्म वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना सञ्चालन गर्ने निर्णय गरिएको थियो। रुपान्तरण पहल परियोजनामा कुल ३९ जना बेरोजगार ब्यक्तिहरुलाई श्रमिकको परिचालन गरिएको थियो। यस अन्तर्गत सञ्चालन भएको आयोजनाहरुको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

### ६.६.१ नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना

| योजनाको नाम: | नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिकाको वडा नं. १-९ सम्म |
| योजनाको लागतः | रु. ६८१७०५.३१ |
| योजनामा भएको कुल खर्चः | रु. ६६९८९७.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. ६६९८९७.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ५४ दिन |
| योजना शुरु मितिः | २०७९ पौष २५ गते |
| योजना सम्पन्न मितिः | २०७९ फाल्गुन ३० गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ३९ जना |
| कुल रोजगारी दिनः | ११६१ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत यस नगरपालिकामा सञ्चालन भएका नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन;

- सडकको दुबै तिर भएको बोट बिरुवाहरुको गोडमेल तथा सरसफाई गर्ने काम भएको,
- सडकको दुबै किनारमा भएको बोट बिरुवाहरुको संरक्षण गर्न बाँसका ठेक्का लगाईएको,
- नगरपालिका क्षेत्रमा रहेको मुख्य सडकको दुबै किनारमा भएको बोट बिरुवाहरुको संरक्षण गर्ने काम भएको,
- वातावरणको संरक्षणमा पुगेको,
- स्वच्छ तथा हरित पालिका निर्माण अभियानमा सहयोग भएको,
- सडक अतिक्रमणमा कमि आउने,
- वातावरण संरक्षण सम्बन्धी जनमानसको जनचेतनामा वृद्धि हुने ।

### ६.६.२ सडक मर्मत तथा सुधार आयोजना

| योजनाको नाम: | बंकुल जाने नयाँ रोड मर्मत आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ७, नरकटिया (खापरटोल) |
| योजनाको लागतः | रु. १२१०८३.४५ |

| | |
|---|---|
| योजनामा भएको कुल खर्चः | रु. १२००९६.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. १२००९६.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ३० दिन |
| योजना शुरु मितिः | २०७९ चैत्र २३ गते |
| योजना सम्पन्न मितिः | २०८० जेठ १ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | २०८ |

| योजनाको नामः | मोतीपुर देखि बोर्डर जाने सडक मर्मत आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ८, नरकटिया (मोतीपुर) |
| योजनाको लागतः | रु. २४४८४९.९५ |
| योजनामा भएको कुल खर्चः | रु. २२९०६९.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. २२९०६९.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ५२ दिन |
| योजना शुरु मितिः | २०७९ चैत्र १५ गते |
| योजना सम्पन्न मितिः | २०८० जेठ ८ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ८ जना |
| कुल रोजगारी दिनः | ३९७ |

| योजनाको नामः | सडक तथा कल्भर्ट मर्मत आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ८, नरकटिया (मोतीपुर) |
| योजनाको लागतः | रु. २४४८४९.९५ |
| योजनामा भएको कुल खर्चः | रु. २२९०६९.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. २२९०६९.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | १८ दिन |

| | |
|---|---|
| योजना शुरु मितिः | २०७९ पौष ६ गते |
| योजना सम्पन्न मितिः | २०७९ फाल्गुन २३ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ८ जना |
| कुल रोजगारी दिनः | १४३ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपन्तरण पहल आयोजना मार्फत यस वडामा सञ्चालन भएका सडक मर्मत तथा सुधार आयोजनाका उपलब्धीहरु यस प्रकार रहेका छन;

- सडकमा भएको खाल्डा खुल्डीको अन्त्य भएको,
- सडकको दुबै किनारमा भएको झारपातहरुको सरसफाई भएको,
- सडकबाट उछिटएर खेतमा गएको ग्रावेलहरुलाई पुनः सडकमा राख्ने काम भएको,
- सडकमा भएको ह्युम पाईपहरुबाट पानीको आवागमन सहज हुन त्यसको सरसफाई भएको ।

### ६.६.३ वडास्तरीय नाला सरसफाई आयोजना

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ९, रामपुर खाप |
| योजनाको लागतः | रु. १७२२१२.८६ |
| योजनामा भएको कुल खर्चः | रु. १६३८६८.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. १६३८६८.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ४२ दिन |
| योजना शुरु मितिः | २०७ ९ कार्तिक २० गते |
| योजना सम्पन्न मितिः | २०७९ पौष ३ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | २८४ |

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ८, नरकटिया |
| योजनाको लागतः | रु. ११६६०२.३२ |
| योजनामा भएको कुल खर्चः | रु. १११९३८.०० |

| | |
|---|---|
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. १११९३८.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | २९ दिन |
| योजना शुरु मितिः | २०७९ मंसिर ६ गते |
| योजना सम्पन्न मितिः | २०७९ पौष ४ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | १९४ |

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ७, नरकटिया |
| योजनाको लागतः | रु. ९६६८७.१७ |
| योजनामा भएको कुल खर्चः | रु. ९२३२०.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. ९२३२०.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | २६ दिन |
| योजना शुरु मितिः | २०७९ मंसिर ६ गते |
| योजना सम्पन्न मितिः | २०७९ पौष ४ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | १६० |

| योजनाको नामः | भेडियाही मन्दिर देखि कल्भर्ट सम्मको पैनी मर्मत तथा सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ५, भेडियाही |
| योजनाको लागतः | रु. १०४८१२.०५ |
| योजनामा भएको कुल खर्चः | रु. ९६९३६.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. ९६९३६.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ७ दिन |

| | |
|---|---|
| योजना शुरु मितिः | २०७९ मंसिर ७ गते |
| योजना सम्पन्न मितिः | २०७९ मंसिर १३ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | ४४ |

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ४, लौकाहा |
| योजनाको लागतः | रु. २३०१४४.३२ |
| योजनामा भएको कुल खर्चः | रु. २२९६४६.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. २२९६४६.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ४० दिन |
| योजना शुरु मितिः | २०७८ फाल्गुन २५ गते |
| योजना सम्पन्न मितिः | २०७८ चैत्र ३० गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | १० जना |
| कुल रोजगारी दिनः | ३९८ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत यस वडामा सञ्चालन भएका वडास्तरीय सरसफाई आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन;

- सडकको दुबै तिर भएको नालाको सरसफाई भएको,
- सडकको दुबै किनारमा भएको झारपातहरुको सरसफाई भएको,
- सार्वजनिक स्थलमा रहेको फोहोरमैलालाई डम्पिङ्ग गरिएको,
- नालाबाट निकालिएको फोहरलाई सडक किनारबाट फाल्ने काम भएको।

## ६.७ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना

### ६.७.१ वडास्तरीय नाला सरसफाई आयोजना

| योजनाको नामः | वडास्तरीय नाला सरसफाई आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. १,२ जिंगडवा |
| योजनाको लागतः | रु. २३५००२.९२ |

| | |
|---|---|
| योजनामा भएको कुल खर्चः | रु. २३३१०८.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. २३३१०८.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ४१ दिन |
| योजना शुरु मितिः | २०७९ माघ १४ गते |
| योजना सम्पन्न मितिः | २०७९ फाल्गुन २५ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | १० जना |
| कुल रोजगारी दिनः | ४०४ |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १ र २ मा सञ्चालन भएका वडास्तरीय सरसफाई आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन;

- सडकको दुबै तिर भएको नालाको सरसफाई भएको,
- सडकको दुबै किनारमा भएको झारपातहरुको सरसफाई भएको,
- सार्वजनिक स्थलमा रहेको फोहोरमैलालाई डम्पिङ्ग गरिएको,
- नालाबाट निकालिएको फोहरलाई सडक किनारबाट फाल्ने काम भएको।

### ६.७.२ सडक मर्मत आयोजना

| योजनाको नामः | पोखरिया छठ घाट जाने बाटो मर्मत आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ४, लौकाहा (पोखरिया) |
| योजनाको लागतः | रु. १२१०८३.४५ |
| योजनामा भएको कुल खर्चः | रु. १९५०८३.७० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. १९५०८३.७० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ४८ दिन |
| योजना शुरु मितिः | २०८० बैशाख ३ गते |
| योजना सम्पन्न मितिः | २०८० जेठ २५ गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | ३३६ |

| योजनाको नामः | बाँध देखि बकैया खोलासम्म कृषि सडक मर्मत आयोजना |
|---|---|
| योजना सञ्चालित ठेगानाः | परोहा नगरपालिका, वडा नं. ४, लौकाहा (पोखरिया) |
| योजनाको लागतः | रु. १२२३६०.६० |
| योजनामा भएको कुल खर्चः | रु. १२११७०.०० |
| ज्यालामा गरिएको भुक्तानी रकमः | रु. १२११७०.०० |
| ज्याला भुक्तानी माध्यमः | बैंक खाता |
| योजना अवधिः | ३० दिन |
| योजना शुरु मितिः | २०७९ चैत्र १ गते |
| योजना सम्पन्न मितिः | २०७९ चैत्र ३० गते |
| योजनामा संलग्न बेरोजगार ब्यक्तिको संख्याः | ७ जना |
| कुल रोजगारी दिनः | २१० |

**उपलब्धिः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. ४ मा सञ्चालन भएका सडक मर्मत आयोजनाका मुख्य उपलब्धीहरु यस प्रकार रहेका छन;

- सडकको दुबै तिर भएको नालाको सरसफाई भएको,
- सडकको दुबै किनारमा भएको झारपातहरुको सरसफाई भएको,
- सार्वजनिक स्थलमा रहेको फोहोरमैलालाई डम्पिङ्ग गरिएको,
- नालाबाट निकालिएको फोहरलाई सडक किनारबाट फाल्ने काम भएको।

## ७. आयोजनाको अनुगमन तथा मूल्याङ्कन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु सञ्चालनको क्रममा प्राविधिक सहित प्रमुख प्रशासकीय अधिकृत, रोजगार संयोजक, योजान शाखा प्रमुख तथा वडा अध्यक्ष द्वारा अनुगमन गर्ने गरिएको थियो। अनुगमनको क्रममा हरेक आयोजनाको लागत अनुसार काम भए नभएको भन्ने हेर्ने, जाँच गर्ने गरिको, श्रमिकहरु आयोजना स्थलमा समयमा आउने नआउने बारे सोधपुछ गरिएको, आयोजनाको काम नियमित हुने गरेको हो वा होईन, आयोजना सञ्चालनमा कुनै कठिनाई रहे नरहेको आदि कुराहरुको वारेमा श्रमिक, लाभग्राही तथा सरोकारवालाहरुसंग सोधपुछको साथै आयोजनाको अनुगमन गर्ने गरिएको थियो । अनगुमनको क्रममा देखिएका सकारात्मक पक्षहरु तथा सुझावहरु निम्नानुसार रहेका छनः

**सकारात्मक पक्ष**

- छोटो अवधिको आयोजाना भए पनि प्रभावकारी रुपमा कार्य सम्पादन हुने गरेको,
- रोजगारीमा खटिएको बेरोजगार व्यक्तिहरुले समय र श्रमको अधिकतम उपयोग गरी सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भारको काम गरी पूर्वाधारहरुलाई जीवन्त बनाईएको,
- आयोजना स्थलमा श्रमिकको स्वास्थ्य सुरक्षा सामग्रीहरु तथा प्राथमिक उपचारको सामग्रीहरुको व्यवस्था समेत गरिएको,
- आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको परिणाम राम्रो रहेको,
- वडा अन्तर्गतको मुख्य कृषि सडक लगायत अन्य सडकहरुको समेत मर्मत तथा सुधारको काम भएको,
- सडकको दुबै तिर रहेको नाला (ढल) को सरसफाई भएको,
- सडको दुबै तिर गरिएको वृक्षारोपणको गोडमेल तथा संरक्षण गर्ने कार्य भई नगरलाई स्वच्छ र हराभरा नगर निर्माणमा सहयोग पुगेको,
- आयोजना अवधिमा कुल ३९३९ रोजगार दिनको रोजगारी सृजना भएको,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजनाहरु बेरोजगार ब्यक्तिहरुको लागि रोजगारी दिने कार्यक्रम रहेको भन्ने बुझाईको विकास भएको,
- न्यूनतम रोजगारीमा खटिएका सवै श्रमिकहरुको वैक खाता मार्फत ज्याला रकम भुक्तानी गरिएको।

### अनुगमनको निश्कर्ष

यस परोहा नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सन्तोषजनक रहेको र डिजाइन ईस्टिमेट अनुसार नै काम भई श्रमिकहरुको ज्याला भुक्तानीको लागि बैंक खाता खोल्न लगाई श्रमिकहरुको ज्याला वापतको रकम बैंकबाट भुक्तानी गरिने भएकोले यो कार्यक्रम पारदर्शी र प्रभावकारी हुने गरेको छ ।

## ८. कार्यक्रमका मुख्य उपलब्धीहरु

